धनकुटा नगरपालिका
धनकुटा नगर कार्यपालिका कार्यालय, धनकुटा

## शिलवन्दी वोलपत्र आब्हानको सूचना ।

प्रकाशन मिति : २०८३/५/१५

यस कार्यालयको मिति २०८३।५।१० मा www.bolpatra.gov.np/egp (e-GP system) माध्यमबाट प्रकाशित Invitation for Electronic Bids, Notice No. Dkt.Mun.-2083-084-1, Dkt.Mun.-2083-084-2, Dkt.Mun.-2083-084-3 र Dkt.Mun.-2083-084-4 मा हाल e-GP system मा देखिएका समस्य तथा सो सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३।०५।११ च.नं. MIT/ १८२ को आधारमा देहाय बमोजिम हुने गरी संशोधन गरी सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

१. e-GP system बाट बोलपत्र प्रस्ताव बुझाइसकिएको हकमा सो प्रस्तावहरुलाइ खारेज गरिएको र पुन: Hard Copy मार्फत शिलबन्दी गरी (अन्य समय तालिका साविक बमाजिमनै हुने गरी) यस कार्यालयमा दर्ता गर्नुपर्ने छ ।
२. इच्छुक तथा योग्य बोलपत्रदाताहरुले यस कार्यालयमा मिति २०८३।०५।३१ गते कार्यालय समय भित्र निवेदन, बोलपत्रदाताको व्यवसाय दर्ता प्रमाण पत्र, व्यवसाय इजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर/ मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, यस कार्यालयको नाममा जम्मा गरेको रु ३,०००।०० को भौचर (फिर्ता नहुने दस्तर वापतको) र आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी Bidding Document खरिद गर्न सकिने छ ।
३. Hard Copy मार्फत Bidding Document खरीद गर्नको लागी रकम जम्मा गर्ने वैंकको विवरण निम्नानुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन ।
   वैंकको नाम :- राष्ट्रिय बाणिज्य वैंक, धनकुटा
   आन्तरिक राजस्व खाता नं. :- २०१०१००३०१०१०००२
४. शिलबन्दी बोलपत्र मिति २०८३/६/१ गते दिनको ११.०० वजे भित्र दर्ता गर्न सकिने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको १२.०० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५. बोलपत्र कागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र बुझाउन सकिने छ ।
६. बोलपत्र साथ राष्ट्रिय बाणिज्य बैंक, धनकुटा स्थित धनकुटा नगरपालिकाको स्थानीय धरौटी खाता नं. २०१०१००३०३००००२ मा फर्मको नामवाट तपसीलमा उल्लेखित वोलपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विड सिक्युरिटी) पेश गर्नु पर्ने छ । सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का नं र निर्माण कार्यको नाम उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र वोलपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।
७. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र कागजात अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।
८. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्र दाता स्वयम् आफैले बुझाउनु पर्नेछ ।
९. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्र दाताको हुनेछ ।
१०. सूचना तथा वोलपत्र कागजातको शर्त विपरित भएको वा कुनै थपघट गरिएको रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
११. वोलपत्रको परीक्षण वोलपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न लाग्ने भए सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ ।
१२. वोलपत्रदाताहरुले आफ्नो वोलपत्र दाखिला गर्नु अगावै वोलपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ ।

दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत

१३. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णयअनुसार हुनेछ ।

१४. वोलपत्र शर्तरहित मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

१५. शिलबन्दि बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार/ स्विकृत गर्ने वा अस्वीकार/ अस्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहकोछ ।

**Tender Details**

| S.N. | Contract No. | Name of Contract | Estimated amount (Without VAT & Contingencies but including provisional sum) | Bid security amount | Bid Document Fee NRs. |
|---|---|---|---|---|---|
| 1 | Dkt.Mun-2083-084-1 | Hydro tower-Dumre sanne road upgrading work, Dhankuta-10 | 1,58,54,213.63 | 4,48,000.00 | 3000.00 |
| 2 | Dkt.Mun-2083-084-2 | Pragati chowk-Dumre sanne road upgrading work, Dhankuta-10 | 1,43,32,490.66 | 4,05,000.00 | 3000.00 |
| 3 | Dkt.Mun-2083-084-3 | Bihibaare haat-Maalbase-Bhirgaun road upgrading work, Dhankuta-2,3,4 | 94,37,940.66 | 2,67,000.00 | 3000.00 |
| 4 | Dkt.Mun-2083-084-4 | Bihibaare haat-Thoka-Dahal chautara-Bhirgaun road upgrading work, Dhankuta-2,4,5 | 93,72,152.21 | 2,65,000.00 | 3000.00 |

Note: Pre-bid meeting shall be held at ***Office of the Municipal Executive, Dhankuta*** at 12.00 Hrs. of 7th September, 2026 (2083-05-22)

दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत